ज.प्र.का.म.द.नं.४८/०७३/०७४

- वर्ष ६, अंक ३०७
- २४ साउन २०८० बुधबार
- 9 Aug. 2023, Wednsday
- www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

# बाढीले बगाउँदा मधेश प्रदेशमा तीन जनाको मृत्यु, दुई बेपत्ता

**खबर दर्पण समाचारदाता**

**साउन २३ गते, महेन्द्रनगर**

मधेश प्रदेशका जिल्लामा बाढीले बगाउँदा तीन जनाको मृत्यु भएको छ भने दुई जना बेपत्ता भएका छन्। जिल्लाको मिथिला नगर पालिका-१ आनन्दपुरका १७ वर्षीय अजय यादवको मङ्गलबार ११ बजे बाढीले बगाउँदा मृत्यु भएको हो। घर नजिकै रहेको बसही खोला तर्ने क्रममा अचानक आएको बाढीले बगाउँदा यादवको मृत्यु भएको इलाका प्रहरी कार्यालय महेन्द्रनगरका प्रहरी निरीक्षक दीपक कार्कीले जानकारी दिनुभयो। स्थानीयको सहयोगमा सुरक्षाकर्मीले उद्धार गरी महेन्द्रनगरस्थित अस्पतालमा पुऱ्याएको भए पनि गम्भीर अवस्थाका यादवको उपचारको क्रममा मृत्यु भएको उहाँले जानकारी दिनुभयो। शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पठाइएको छ।





**यसैगरी,** धनुषा र सिरहा जिल्लाको सीमा क्षेत्रमा रहेको कमला नदीमा आएको बाढीले बगाउँदा दुई जना बेपत्ता भएका छन्। मङ्गलबार कमला नदीले बगाउँदा दुई जना बेपत्ता भएको प्रहरीले जानकारी दिएको छ।

नदीमा बाढीले बगाएर ल्याएको दाउरा सङ्कलन गर्ने क्रममा दुई बेपत्ता भएको खबर प्राप्त भएको इलाका प्रहरी कार्यालय ढल्केवरका प्रहरी निरीक्षक कवीन राईले बताउनुभयो। प्रहरीले बेपत्ताको खोजतलास गरिरहेको उहाँले जानकारी दिनुभयो। बेपत्ता दुवै गणेशमान चारनाथ नगरपालिका-७, का ३५ वर्षीय साजन परियार र उहाँकी श्रीमती ३० वर्षीया माया परियार रहेको प्रहरीले जानकारी दिएको छ।

यस्तै, महोत्तरीको सोनमा गाउपालिकामा एकजनालाई बाढीले बगाउँदा मृत्यु भएको छ।

महोत्तरी प्रहरीका अनुसार सोनमा गाउँपालिका १ निवासी ३८ वर्षीय जाबिर अंसारीलाई नदी पार गर्ने क्रम मा नदी ले बगाएर मृत्यु भएको हो ।

सोनमा १ स्थित मरहा नदी तरने क्रम मा नदी मा आएको बाढ़ी ले बगाएको जिल्ला प्रहरी कार्यालय महोत्तरी का प्रवक्ता डीएसपी दिलीप कुमार गिरी ले बताए ।

उनको शव नेपाली सीमा बाट ४ किलोमीटर भित्र भारतीय क्षेत्र मा रहेको मझौरा मा फेला परेको छ ।

आफन्तले शव सनाखत गरिसकेको र शव नेपाल ल्याउने प्रक्रिया चलिरहेको उनले बताए ।

**यसैगरी,** सर्लाहीको बरहथवामा बाढीले बगाएर एक जनाको मृत्यु भएको छ ।

रौतहटको गढिमाई नगर पालिकाबाट मङ्गलबार बिहान बरहथवास्थित हजरियातर्फ रहेको खेतमा काम गर्न आउनुभएका गढिमाई नगरपालिका-२ समनपुर निवासी ६६ वर्षीय सहिद राय भाटको बागमती नदीमा आएको बाढीले बगाएर मृत्यु भएको हो ।

सर्लाही र रौतहटको सीमा भए बग्ने बागमती नदीको समनपुर घाटमा पक्की पुल भए पनि भीषण वर्षापछि पुलको दायाँबायाँ दुवैतर्फ बाढी पसेर जलमग्न बनेको छ ।

रायलाई खेतको काम सकेर पुलसम्म पुग्न खोज्दा सर्लाहीतर्फ बरहथवा नगरपालिका-४, मा बागमती नदीको बाढीले बगाएको प्रत्यक्षदर्शीले बताएका छन् ।उहाँलाई बाढीले बगाइरहेको देखेपछि हजरियाका स्थानीयले उद्धार गरी सिकिस्त अवस्थामा रौतहटको समनपुरस्थित एक क्लिनिकमा पुऱ्याइएको थियो ।

समनपुरमा उपचार हुन नसकेपछि चन्द्रनिगाहपुर अस्पताल पुऱ्याउँदा रायलाई चिकित्सकले मृत घोषणा गरेको इलाका प्रहरी कार्यालय बर हथवाले जनाएको छ ।

## आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस

**हाल नेपालका विभिन्न जिल्लाहरुमा भाइरल कन्जंक्टिभाइटिस अर्थात् आँखा पाक्ने समस्या देखिएकोले सर्तक रहौँ ।**

### लक्षणहरु

- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँसु बगिरहने वा कचेरा/चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने



### रोकथामका उपायहरु

**भाइरल कन्जंक्टिभाइटिस (आँखा पाक्ने रोग) सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ । त्यसैले रोकथामका निम्न उपायहरु अपनाएर आँखा पाक्ने रोगबाट बचौँ।**

- संक्रमित व्यक्तिसँग नजिकको सम्पर्कमा नजाने र संक्रमित व्यक्ति भिडभाडमा नजाने
- संक्रमित व्यक्तिले प्रयोग गरेका सामान जस्तै टावेल, रुमाल, सिरानी, तन्ना प्रयोग नगर्ने
- जथाभावी आँखा नछुने। आँखा छुनु परेमा छुनु अघि वा छोइसके पछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने
- व्यक्तिगत सरसफाइमा ध्यान दिने ।

**भाइरल कन्जंक्टिभाइटिस भइहाले अत्तिनु पर्दैन । यो रोग १ देखि २ हप्तामा आफैं निको हुन्छ । स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं ।**

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
सपही, धनुषा, नेपाल

# वर्षाले किसानलाई राहत



**खबर दर्पण समाचारदाता**

**साउन २३ गते, सिरहा**

लामो समय वर्षा नभएका कारण चिन्तित रहेका सिराहाका किसानलाई दुई दिनयता परिरहेको वर्षाले केही राहत दिएको छ । वर्षा हुनुपर्ने बेला वर्षा नभएपछि सिराहामा कुल धान खेतीयोग्य जग्गामध्ये ५५ प्रतिशत जग्गामा मात्र धान खेती भएको छ ।

कृषि ज्ञान केन्द्र सिराहाका अनुसार सिराहामा ५४ हजार हेक्टर धान खेतीयोग्य भूमि छ । खेती भएको जग्गामा समेत वर्षाको पानी र सिंचाइको अभावका कारण धानको बाली सुक्दै गएको थियो ।

कमला नहर पूर्वी प्रणाली, भूमिगत जलस्रोत सिंचाइ योजना, सिंचाइ कार्यालय तथा कृषि मिटर गरेर सिरहामा २२ हजार हेक्टर भूमिमा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध छ ।

तर कमला नहर पूर्वी प्रणालीबाहेक अन्य सबै सिंचाइ योजनाहरु लामो समयसम्म वर्षा नभएका कारण देखापरेको खडेरीले भूमिगत पानीको स्रोत सुक्दै गएकोले प्रयोगविहीन अवस्थामा रहेको कृषि ज्ञान केन्द्र सिराहाले जनाएको छ । सिंचाइको अभाव तथा वर्षा नभएका केही भागमा किसानले कृषि मिटरले सिंचाइ गरे पनि अत्यधिक विद्युतीय खपतको कारण सिराहामा विभिन्न सबस्टेशनमा रहेको ट्रान्सफर्मर जल्ने गरेकाले विद्युत् अवरुद्ध हुने गरेको थियो । सोमबार देखि मुसलधारे पानी परेपछि चिरा परको धानको खेत बल्ल र साउन थालेको छ ।

कृषि ज्ञान केन्द्र सिराहाका प्रमुख नरेन्द्र कुमार महासेठले सिंचाइको अभावले खेती हुन नसकेका धान खेतमा किसानले अहिले पनि रोपाइँको तयारी गरिरहेको बताउनुभयो । "ढिलो रोपाइँ हुने भएकाले आशा गरिएको जस्तो धान उत्पादन हुन त सक्दैन तर जे जति रोपाइँ भए पनि त्यसले किसानलाई राहत भने दिन सक्छ", ज्ञान केन्द्रका प्रमुख महासेठले भन्नुभयो ।असार १५ गतेदेखि साउन १५ गतेसम्म रोपाइँको समय भए पनि सिराहामा किसानले साउन अन्तिमसम्म रोपाइँ गर्ने भएकोले यहाँ धानको रोपाइँ अझै बढ्न सक्छ ।

## सम्पादकीय

# देशभर बाढीको ताण्डव

सोमबारदेखिको भारी वर्षासँगै आएको बाढी र पहिरोबाट तीन जिल्लामा चार जनाको मृत्यु भएको छ भने ७ जना बेपत्ता छन्। सर्लाही, धनुषा र मकवानपुरमा गरी चार जनाको ज्यान गएको हो।

सर्लाहीस्थित बागमती र बाँके नदीमा आएको बाढीले बगाउँदा दुई जनाको र धनुषास्थित बसही खोलामा डुबेर एकको मृत्यु भएको हो। कमला नदीमा आएको बाढीमा दाउरा टिप्न गएका श्रीमान्-श्रीमती अझै बेपत्ता छन्। बागमती नदीमा फसेका दुई जनाको उद्धार गरिएको छ। मंगलबार बिहान खेतमा काम सकेर फर्किरहेका रौतहट गढीमाई नगरपालिका-२ समनपुरका ६५ वर्षीय सहिद र हिम भाटको सर्लाही-रौतहट सीमा भएर बग्ने बागमती नदीको समनपुर घाटमा पुग्दा बगेर मृत्यु भएको छ।

यस्तै, सर्लाही-महोत्तरी सीमाको बाँके खोलाले बगाउँदा हरिपुर्वा नगरपालिका-७ बसन्तपुरका ६० वर्षीय भोला चौधरीको मृत्यु भएको छ। सोमबार राति घरपरिवारबाट सम्पर्कविहीन भएका चौधरीको शव मंगलबार खोलामा डुबेको अवस्थामा फेला परेको थियो ।

धनुषाको बसही खोलाको बाढीले मिथिला नगरपालिका-१ आनन्दपुरका १६ वर्षीय अजय यादवको मृत्यु भएको छ। उनलाई उद्धार गरी अस्पताल लैजाने क्रममा मृत्यु भएको हो। कमला नदीमा बाढीले बगाएर ल्याएको काठ संकलन गर्ने क्रममा कमला ब्यारेज नजिकबाट गणेशमान चार नाथ नगरपालिका-७ का ३५ वर्षीय साजन परियार र उनकी श्रीमती ३० वर्षीया माया परियार बेपत्ता भएका छन्।मुसलधारे वर्षासँगै खसेको पहिरोले मकवानपुरको बागमती गाउँपालिका-५ सिक्रे दोभानमा घर बगाउँदा एक जनाको मृत्यु भएको छ भने परिवारका ५ जना बेपत्ता छन्। पाहुना आएका एक जना घाइते भएका छन्।

मंगलबार बिहान ४ बजेतिर सिक्रे दोभानका अक्कलबहादुर स्याङ्तानको घर बगाउँदा घाइते भएकी ५५ वर्षीया शान्तिमायाको उपचारका क्रममा मृत्यु भएको हो। उनको स्थानीय स्वास्थ्य चौकीमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। ५० वर्षीय अक्कलबहादुर स्याङ्तान, उनकी छोरी २२ वर्षीया शिला, छोरा २५ वर्षीय जीवन, नाति ४ वर्षीय मिलन र डेढ वर्षीया नातिनी दिव्या बेपत्ता छन्।सोही पहिरोमा पुरिएका १९ वर्षीय पासाङ घिसिङको करिब १२ घण्टापछि स्थानीयले जीवितै उद्धार गरेका छन्। मंगलबार बिहान ४ बजेतिर एक्कासि खसेको पहिरोले अक्कलबहादुरको घर बगाउँदा घरका सातै जना बेपत्ता भएका थिए। बेपत्ताको खोजी भइरहेको प्रहरीले जनाएको छ।

# स्वार्थमा फसेको कर्मचारीतन्त्र

ललितकुमार यादव

राज्य प्रणालीको सुरुवातदेखि नै शासन सञ्चालन गर्न प्रशासनको थालनी भयो। सानो राज्य शासनको अवस्थामा प्रशासन प्रणाली पनि सानै थियो। एउटै व्यक्ति धेरै प्रकारका काममा संलग्न हुन्थ्यो। व्यक्तिको मुखमै अभिलेख रहन्थ्यो। अभिलेखको संरक्षण खासै थिएन। जुन व्यक्ति पहिले सम्पर्कमा आउँथ्यो, उसैलाई काममा लगाइन्थ्यो। ज्ञान परीक्षणको कुनै विधि थिएन। प्रशासनको कार्यहरू कुनै विधिविना केवल अनुभव र चलनको आधारमा हुने गर्थे। जनताको अपेक्षा र शासन प्रणालीको ठूलो बोझ पनि थिएन। प्राचीन मिश्र, रोम र चीनबाट कर्मचारीतन्त्रको सुरुवात भएको पाइन्छ।

अठारौँ र उन्नाइसौँ शताब्दीमा कर्मचारीतन्त्रको विकासले गति लियो। बीसौँ शताब्दीमा कर्मचारीतन्त्रको प्रयोग सर्वत्र फैलियो। बीसौँ शताब्दी पश्चात मात्र कर्मचारीतन्त्रको पहिचान सभ्य, शिक्षित र प्रतिस्पर्धी बन्यो। कर्मचारीतन्त्र शब्दको प्रयोग सर्वप्रथम सन् १७४५ मा फ्रान्सका अर्थशास्त्री भिन्सेन्ट डि गोर्नेले गरेका थिए। उनले नकारात्मकरूपमा व्याख्या गर्दै जनतालाई दुःख दिने संयन्त्रका रूपमा कर्मचारीतन्त्रलाई परिभाषित गरेका थिए।


कर्मचारीहरू आफ्नो स्वार्थका लागि काम गर्ने माध्यम भएको उनले बताएका थिए। नेपालको सरकारी कार्यालयमा पुग्ने जो कोही सेवाग्राहीले यही अनुभूत गर्ने गरेका छन्। सरकारी कार्यालयमा घूसबिना वरको सिन्को पर सर्दैन भन्ने आमजनताको बुझाइ छ। गोर्नेले नकारात्मक टिप्पणी गरेका भए पनि ठीकै व्याख्या गरेछन् जस्तो लाग्छ। कर्मचारीहरू निर्धारित समयसम्म कार्यालयमा बस्दैनन्, भ्रष्टाचारलाई जीवनशैली बनाएका छन्, काम गर्दैनन् र नागरिकलाई यो या त्यो बहानामा दुःख दिने गर्छन्। कर्मचारीतन्त्रको यी सबै व्यवहारले गोर्नेको नकारात्मक टिप्पणीलाई नेपालको सन्दर्भमा सही सावित गरेको छ।

कर्मचारीतन्त्रमा अनुशासन हराएको छ। अराजकता मौलाएको छ। कार्यकक्षमा भेटिँदैनन्। कानुनप्रतिको वफादारीमा निकै ह्रास आएको छ।

चर्चित दार्शनिक कार्ल मार्क्सले पुँजीपति वर्गले मजदूर वर्गलाई नियन्त्रण गर्ने माध्यमका रूपमा कर्मचारीतन्त्रको व्याख्या गरेका थिए। कठोर पदसोपान, शक्ति पूजा, अक्षम, इच्छाशक्ति तथा कल्पनाशक्तिको कमी, जिम्मेवारीप्रतिको डर र आत्मोन्नतिको चाहना जस्ता कुराबाट सुसज्जित अधिकारीहरूको समूह नै कर्मचारीतन्त्र हो भन्ने उनको विचार थियो।

कर्मचारीतन्त्रको सकारात्मक र व्यवस्थित व्याख्या गर्ने काम भने जर्मन समाजशास्त्री म्याक्स वेवरले गरे। आधुनिक कर्मचारीतन्त्रका पितासमेत मानिने वेवरले कर्मचारीतन्त्रलाई तत्कालीन सामाजिक परिवेशको उपजका रूपमा व्याख्या गरे। कर्मचारीतन्त्र आदर्श हुने र आदर्श कर्मचारीतन्त्रले शक्ति नभएर अधिकारको मात्र प्रयोग गर्ने कुरालाई वेवरले जोड दिएका थिए।

वेवरको अवधारणापछि धेरै विवाद भए पनि कर्मचारीतन्त्र राज्य सञ्चालनको स्थापित पद्धति बन्यो। उनका अनुसार सरकारी काम कारबाहीहरू धेरै कर्मचारीको समन्वयात्मक प्रयासबाट प्रक्रियागतरूपमा हुने गर्छन्। कर्मचारीतन्त्रीय प्रणालीका केही विशेषता हुन्छन् जसमा कर्मचारी पूर्णकालीन सेवाका लागि समर्पित भएका हुन्छन् र यसका लागि उनीहरूलाई जीवनवृत्तिका लागि पारिश्रमिक दिइने गरिन्छ। यस्तो पारिश्रमिक उनीहरूको पद वा कामको प्रकृतिमा आधारित हुन्छ। संगठनप्रति कर्मचारीको कुनै व्यक्तिगत स्वार्थ हुँदैन। उनीहरूको छनोट उनीहरूको प्रतिस्पर्धात्मक




क्षमताको आधारमा हुने गर्दछ। उनीहरूको पदावधि कानुनद्वारा निर्धारित भएको हुन्छ। कर्मचारीहरू सेवाग्राहीसँग व्यक्तिगत भावनात्मक सम्बन्ध भन्दा आफ्नो जिम्मेवारीप्रति लगनशील हुनुपर्ने र सबैप्रति समभाव राख्नुपर्ने मान्यता छ।

कर्मचारीतन्त्र सङ्गठनात्मक स्वरूप हो, जसले वैधानिक अधिकारको विवेकपूर्ण प्रयोग गरी कार्यसम्पादन गर्दछ। यो सरकार र नागरिकबीचको योजक हो। कर्मचारीतन्त्र जुनसुकै देशमा पनि सरकारको मेरुदण्ड हो। राज्यले अख्तियार गरेको नीति र रणनीतिलाई कार्यान्वयन गर्न यो प्रत्यक्षरूपमा जोडिन्छ। सरकार सामान्यतया पाँच वर्षमा परिवर्तन भइरहने तर कर्मचारीतन्त्र लामो समयसम्म सेवामा निरन्तर रहन्छ। त्यसैले कर्मचारीतन्त्रलाई स्थायी सरकार पनि भनिन्छ तर नेपालको सन्दर्भमा कर्मचारीतन्त्रको नेतृत्व भन्दा राजनीति नेतृत्व स्थायी देखिन्छ। जर्मनी समाजशस्त्री वेवरले चर्चा गरे जस्तो आदर्श हुन नसके पनि कर्मचारीतन्त्रको भर पर्दो विकल्प भने देखिँदैन। जुनसुकै अवस्था र व्यवस्थामा कर्मचारीतन्त्र अपरिहार्य रहन्छ। हरेक संगठनमा कुनै न कुनै रूपमा कर्मचारीतन्त्रलाई अवलम्बन गरिएको पाइन्छ।

देश विकासका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्ने राजनीति संयन्त्र र कर्मचारीतन्त्र नै हुन। राजनीतिले नीति निर्माण गर्ने काम गर्छ भने कर्मचारीतन्त्र सो नीति कार्यान्वयन गर्ने जिम्मेवारीमा हुन्छ। यी दुईबीच समन्वय हुन सकेन भने राज्यका दीर्घकालीन उद्देश्य प्राप्त हुन सक्दैनन्। मुलुकको विकास हुन सक्दैन। कर्मचारीको प्रत्यक्ष सम्बन्ध आमजनतासँग रहेको हुन्छ। जनसेवामा कर्मचारीको सर्वोपरि भूमिका रहन्छ। जनतालाई सरकारसँग प्रत्यक्ष जोड्ने माध्यम कर्मचारी नै हो।

राज्य सञ्चालनमा राजनीति र कर्मचारीतन्त्रको उत्तिकै भूमिका छ तर राजनीतिले कर्मचारीतन्त्रमाथि र कर्मचारीतन्त्रले राजनीति संयन्त्रमाथि प्रश्न उठाउने गर्छन्। एकलाई अर्काको योग्यतामाथि विश्वास छैन। यो एक अर्काप्रतिको विश्वासको संकट हो। यो क्रम लामो समयदेखि चल्दै आएको छ।

कर्मचारीतन्त्रमाथि मुख्यतः तीन आरोप लाग्ने गरेका छन्। पहिलो व्यावसायिक भएन। दोस्रो अति र राजनीतिले 'चेन अफ कमान्ड' कायम भएन। र, तेस्रो पदीय दायित्वसमेत निर्वाह गर्न सकेन। जनमुखी हुन नसकेको कर्मचारीतन्त्रमाथि लाग्ने अर्को ठूलो आरोप हो। सेवाग्राहीप्रतिको कर्मचारीको व्यवहार पनि ठीक छैन। गरिब र पहुँच नभएका सेवाग्राहीको काम नै गर्दैनन्, गरि हाले पनि अनावश्यक दुःख नदिइ गर्दैनन्। कर्मचारीतन्त्रमा अनुशासन हराएको छ। अराजकता मौलाएको छ। कार्यकक्षमा भेटिँदैनन्। कानुनप्रतिको वफादारीमा निकै ह्रास आएको छ। समग्रमा कर्मचारीतन्त्र पनि देश र जनताप्रति वफादार हुन सकेन भन्ने आमजनताको बुझाइ छ।

*नागरिक दैनिकबाट*

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# एमालेलाई 'चित्त नबुझ्दा' बन्धक बनिरहेको संसद्

**यसअघि पनि एमालेले विभिन्न बहानामा संसद् अवरोध गर्दै आएको थियो। अहिलेको अवरोध भने सय किलो सुन तस्करीलाई लिएर हो।**



**खबर दर्पण समाचारदाता**

**साउन २३ गते, काठमाडौं**

काठमाडौं- प्रतिनिधि सभाको आजको बैठकमा गृहमन्त्री नारायणकाजी श्रेष्ठले जवाफ दिइसकेपछि सत्तापक्ष र प्रतिपक्षबीच 'बाझाबाझ' भएको छ। गृहमन्त्री श्रेष्ठको जवाफ चित्तबुझ्रुदो नभएको र सुन तस्करी छानबिनका लागि संसदीय समिति गठनका लागि प्रतिबद्धता नगरेको भन्दै एमालेले सदनको नियमित कारबाही अघि बढ्न दिएन।

यसअघि पनि एमालेले विभिन्न बहानामा संसद् अवरोध गर्दै आएको थियो। अहिलेको अवरोध भने सय किलो सुन तस्करीलाई लिएर हो। संसदीय छानबिनको माग गर्दै एमालेले सदन चल्न नदिएपछि सभामुख देवराज घिमिरेले पटक पटक दलका प्रमुख सचेतकसँग छलफल गरे। तीनपल्ट त शीर्ष नेताहरुसँग नै कुराकानी गरे।

गृहमन्त्रीले सदनमा जवाफ दिने सहमति जुटेपछि आजको बैठक बसेको थियो। बैठकको सुरुमै गृहमन्त्री श्रेष्ठले सुन तस्करी प्रकरणबारे लामो जवाफ दिए। गृहमन्त्री श्रेष्ठको जवाफपछि बैठक चल्ने अपेक्षा सभामुखको थियो। तर एमालेले चित्त बुझाएन र अवरोध जारी राख्यो। एमाले सांसदले नाराबाजी गर्न थालेपछि सभामुखले भोलिसम्मलाई बैठक स्थगित गरेका छन्।

गृहमन्त्री बोलेपछि सभामुख घिमिरेले एमालेका सचेतक महेश बर्तौलालाई बोल्न समयमा दिएका थिए। बर्तौलाले गृहमन्त्रीलाई प्रश्रुन गरे, 'अनुसन्धानका लागि हामीले माग गरेको उच्चस्तरीय छानिबिन समिति गठनको प्रतिबद्धता किन भएन?'

उनले सरकारले प्रतिपक्षीलाई गलाउने र सदनबाट जनतामा भ्रम फैलाउने काम गरेको भन्दै संसद् अवरोध जारी रहने जानकारी गराए। उनले भने, 'हामीले राज्यका सबै अंगहरुलाई विश्रुवास गर्छौं। हामीले उच्चस्तरीय छानबिन समितिको माग गर्नुको खास कारण सरकारको जानकारी बिना सुन कसरी सडकमा आइपुग्यो भन्रुने आशंका छ। हामीले गृहमन्त्रीमाथि नै प्रश्रुन भएकोले उहाँको मातहतमा रहेको सीआईबीले छानबिन गर्न सक्दैन भनेर उच्चस्तरीय छानबिन समिति माग गरेका हौं। हामी सदनको प्रमुख प्रतिपक्ष हौं, कहिले सरकारले प्रतिपक्षको हिसाबमा बोलाउँदा हामी जान्छौं. हामी कुनै नाजायज भागबण्डामा सहभागी हुँदैनौं। आज सरकार प्रतिपक्षलाई गलाउने र प्रतिपक्षबीच खेल्रुने काम गऱ्यो। सरकार राप्ती खोलाको दर्शन ढुंगाजस्तो बन्रुयो।'

एमालेका सचेतकले बोलिसकेपछि नेपाली कांग्रेसका सांसद रामहरि खतिवडाले समय लिँदै गृहमन्त्रीको जवाफ आइसकेकोले सदन अघि बढाउन माग गरे। उनले भने, 'गृहमन्त्रीले जवाफ दिइसकेपछि संसद् अघि बढ्नुपर्छ। कार्यसूचीमा प्रवेश गराउनुपर्छ। सभामुखज्यू अब कार्यसूचीमा प्रवेश गरौं।'

त्यसलगत्तै एमालेका अर्का सांसदले माइक तानेर संसद्रु सत्तापक्षले विरोध गर्ने थलो नभएको भन्दै कांग्रेस सांसदलाई रामहरिलाई जवाफ दिए। उता सभामुख घिमिरे पनि संसदलाई अघि बढाउन सत्ता पक्ष र प्रतिपक्षीलाई आग्रह गरे पनि प्रतिपक्षीले विरोध जारी राख्रुयो।

सभामुखले भने, 'माननीय सदस्यहरु आसन ग्रहण गरौं र संसद्लाई नियमित कार्यसूचीमा प्रवेश गराऔं।' सभामुखले पटक-पटक भन्दा पनि बेवास्ता गर्दै नेकपा एमाले सांसदहरु नाराबाजीमै उत्रिए। एमाले सांसदहरुले 'संसदीय मार्यादा कायम गर, छानबिन समिति गठन गर' भन्दै नाराबाजी गरेका हुन्।

यसअघि संसद्मा हरेक पार्टीका सांसदरुले समय लिँदै विभिन्रुन भ्रष्टाचार र दण्डहिनताका प्रश्रुनहरु उठाएका थिए। त्यसको जवाफमा गृहमन्त्री श्रेष्ठले कानुनी निकायले आफ्नो काम गरिरहेको उल्लेख गर्दै संसदीय छानबिन समिति गठन गर्ने बेला नभएको बताएका थिए। यसअघि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको पालामा गठन भएको संसदीय समितिले प्रतिवेदन तयार गरे पनि एक तोला सुन पत्ता लगाउन नसकेकोले सम्बन्धित संयन्त्रलाई काम गर्न दिनुपर्ने बताएका हुन्।

उनले भने, 'सरकारले छानबिन समिति बनायो ३३ किलो सुन पत्ता लगाउन, तर खोई पत्ता लागेको? छानबिन समिति बनाएर पत्ता लाग्रुने रहेनछ। सरकारले यसैका लागि बनाएको संयन्त्रलाई नै जिम्मा दिनुपर्छ र हामीले यसलाई विश्रुवास गर्नुपर्छ। ६० दिनभित्र सीआईबीले यसको नेक्ससलाई पत्ता लगाएर कारबाहीको दायरामा ल्याइसक्छ।'

उनले प्रश्न गरे, 'सम्बन्धित निकायलाई अनुसन्धान गर्न नदिएर कुनै समितिको प्रतिवेदन बनाउने र प्रतिवेदन लागु गर्ने र नगर्ने कथामा किन प्रवेश गर्ने? यदि त्यहाँ पत्ता लागेन भने नयाँ शिराबाट जाउ भन्रुन सकिन्छ। म सबै मित्रहरुलाई यो अनुरोध गर्न चाहन्छु। हामी कोही दोषीलाई छुट नदिने दिशामा जाउ र कारबाहीको दायरामा ल्याइछाडौं। मन्त्रिपरिषद्ले कानुन लागु गर्छ र काम गर्न सकेन र विश्रुवास छैन भन्दैमा अर्को समानान्तर सरकार वा मन्त्रिपरिषद् बनाउ भन्रुन मिल्छ? राज्यका केही मूलभूत मान्यता त छन् नि त्यसलाई यो छानबिनलाई तार्किक निष्कर्षमा पुऱ्याउनुपर्छ।'

उनले यो देशमा तस्करीलाई छुट दिन र छानबिनलाई डिरेल गर्ने काममा कोही पनि लाग्रुन नुहुने बताएका थिए। थपे, 'यो देशमा तस्करीलाई छुट दिनै हुँदैन, भ्रष्टाचारलाई छुट दिन हुँदैन। प्लिज यो छानबिनलाई डिरेल गर्ने काम नगरौं। अनुसन्धानलाई रोक्रुने काम नगरौं। हामीले यो पोलिटिक्सलाई पोलिठिक्स बनाउन भएन। लाग्या त यही छ तर काम गर्न दिनु हुँदैन भन्रुने काम नगरौं। भागबण्डा गर्ने खानेमा होइन, भागबण्डा अन्त्य गरी भ्रष्टाचार र दण्डहिनता अन्त्य गर्न राष्ट्रिय सहमति गरौं। जनताको सेवामा लागौं न। ३३ किलो सुन पत्ता लागेन भन्दैमा त्यतिबेलाको सरकार र गृहमन्त्रीले लुकायो भन्दैमा नैतिकता हुन्छ र? त्यो नैतिक हुन सक्दैन। अहिले यो अनुसन्धानलाई तार्किक निष्कर्षमा पुऱ्याउँ। जो-जो दोषी छन् र तथ्य प्रमाणले भेटेसम्म कारबाहीको दायरामा आउँछन्। त्यो फाइल मेरो टेबलमा आउँदैन। त्यो सीआईबीले तथ्य प्रमाणले जे देखाउँछ त्यसको आधारमा अघि बढौं भन्रुनेमा हामी स्पष्ट छौं।'

**चार वर्षमा ८ हजार किलो अवैध सुन भित्रयो तर पत्ता लागेन**

गृहमन्त्री नारायणकाजी श्रेष्ठले चार वर्षमा करिब आठ हजार किलो सुन तस्करी भएको तथ्य संसद् बैठकमा प्रस्तुत गरेका छन्। आज प्रतिनिधि सभाको बैठकमा सभामुखसँग समय लिएर बोल्दै उनले सुन तस्करी अहिलेमात्रै नभएको जिकिर गर्दै २०७० देखि २०७४ सम्मको तथ्यांक प्रस्तुत गरेका हुन्।

गृहमन्त्री श्रेष्ठले भने, 'पहिले केपी शर्मा ओलीको पालामा एउटा छानबिन समितिको प्रतिवेदन बनेको थियो। त्यो रिपोर्टमा २०७० सालदेखि ०७४ सालसम्म ७ हजार ९९९ किलो सुन भित्रिएको उल्लेख छ। त्यसको कुनै अत्तोपत्तो लागेन। पछिल्लो ३३ किलो सुनमा केन्द्रित गरियो, एक तोला पनि पत्ता लागेन। अहिले पनि १५५ केजी सुनमात्रै हो कि यो श्रृंखलाबद्ध हो भन्रुने विषयमा अनुसन्धान भइरहेको छ।'

अहिले संसद्रुमा उठेको मुद्दाले हाम्रो मुलुकको छविमा साह्रै नकारात्मक असर गरिरहेको उनले बताए। श्रेष्ठले भने, 'यसले हाम्रो राजस्वमा, अर्थतन्त्रमा नकारात्मक असर गरिरहेको छ। अर्थतन्त्रको हुण्डी र संगठित अपराधको जालोलाई बढाएको छ र राष्ट्रिय सुरक्षाको संवेदनशीलतालाई ध्यानाकर्षण गराएको छ र यसले चुनौती सिर्जना गरेको छ। यसले मित्रराष्ट्रसँगको सम्बन्धमा पनि नकारात्मक असर पुऱ्याउने काम गरेको विश्लेषण सुनिरहेका छौं। यसले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भएर यस्तो काम भइरहेको छ भन्रुने थाहा भएपछि पर्यटनलाई पनि असर गरिरहेको छ। यसमा सिंगो देश एक ठाउँमा छ।'

सुन प्रकरणका सम्बन्धमा सरकारले दुईवटा कार्यभारलाई हेरेको बताए। 'अहिलेको सुन तस्करीको प्रकरणमा जोडिएका दोषीहरुलाई कारबाहीको दायरामा ल्याउनु पहिलो कार्यभार हो र दोस्रो यस किसिमका गतिविधि नदोहोरियोस् भन्रुनेतर्फ केन्द्रित भएर आवश्यक नीति बनाउन आवश्यक छ। यसले नेपाललाई सुन तस्करको ट्रान्जिट बनाउने र नेपालको अर्थतन्त्र र सुरक्षालाई धरासायी बनाउनेसँगै छिमेकी राष्ट्रलाई पनि असर बनाउने काम भइरहेको छ। अब हिजो पत्ता लागेको थिएन भनेर चुप लागेर बस्रुन मिल्दैन। अहिले चुप लागेर बस्रुने पक्षमा छैनौं। हामीले दोषीलाई हरहालतमा कारबाहीको दायरामा ल्याउनैपर्छ र दोस्रो नदोहोरिनका लागि हाल भएका कानुनलाई समीक्षा गर्दै यसलाई रोक्रुनतर्फ लाग्रुनुपर्छ,' उनले भने।

**सांसदहरुले के-के भने?**

नेकपा एमालेका सांसद् योगेश भट्टराईले अवैध सुन प्रकरण छानबिन गर्न उच्चस्तरीय संसदीय छानबिन समिति गठनको माग गरेका हुन्। संसद् बैठकको आकस्मिक समयको पहिलो नम्बरमा बोलेका एमाले सांसद योगेश भट्टराईले सुन तस्करी प्रकरणमा गृहमन्त्री र अर्थमन्त्रीमाथि नै छानबिन गर्नुपर्ने भएकाले उच्चस्तरीय छानबिन समिति आवश्यक रहेको तर्क अगाडि सारे।

उनले भने, 'अवैध सुन तस्करी प्रकरण रोक्न गृहमन्त्रीकै भूमिका मुख्य हुने हुँदा बयान लिन सकिने गरी उच्चस्तरीय छानबिन समिति गठन गरिनुपर्ने एमाले माग हो। यसमा अर्थमन्त्रीसमेत जिम्मेवार हुने हुँदा उहाँसग पनि बयान लिनुपर्छ। बयान लिने सीबीआई, राजस्व अनुसन्धानलगायत सबै सरकारी निकाय भएकाले उच्चस्तरी समिति बनाउन माग गरेका हौं', उनले भने।


त्यसैगरी नेपाली कांग्रेसका महामन्त्रीसमेत रहेका सांसद् विश्रुवप्रकाश शर्माले पछिल्लो समयको अवैध सुन प्रकरणबारे सरकारी निकायबाट भइरहेको छानबिनप्रति शंका नगर्न प्रतिपक्षी एमालेलाई सुझाएका छन्। कांग्रेस महामन्त्रीसमेत रहेका शर्माले प्रतिपक्षी एमालेकै निरन्तर अवरोधका कारण संसद्मा जनताका आवाज राख्न र अवैध सुन प्रकरणबारे बोल्न नपाइएको बताए। उनले भने, '१० दिनदेखि संसद् चलेको भए चिया श्रमिकको आन्दोलनदेखि २ साउनदेखि बढ्ने भनिएको न्यूनतम ज्याला नबढेको विषय श्रममन्त्रीलाई सोध्न सकिन्थ्यो। लम्पीस्किन, डेंगु संक्रमण रोक्न भइरहेका प्रयासबारे कृषिमन्त्री र स्वास्थ्यमन्त्रीलाई पनि प्रश्न गर्न सकिन्थ्यो। एमाले अवरोधका कारण संसद् बैठक बस्न सकेन।'

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापतिसमेत रहेका सांसद रवि लामिछानेले शीर्ष नेताहरूले आफ्नो स्वार्थका आधारमा जनप्रतिनिधिका आवाज उठाउने थलो संसद्लाई बन्धक बनाएको आरोप लगाएका छन्। *नेपाल समयबाट*



## जनकपुरधाम उपमहानगरपालिका को जनहितमा जारी सूचना

**आँखा पाक्ने रोगका प्रमुख लक्षणहरु :**

- एक्कासी एउटा अथवा दुवै आँखा रातो हुने ।
- आँखा धेरै चिलाउने ।
- आँखामा कचेरा लाग्ने तथा टासिने ।
- आँखाबाट आसु बगिरहने ।
- आँखा सुन्निने, दुख्ने/बिझाउने ।
- घाम तथा उज्यालो प्रकासमा हेर्न समस्या हुने ।



**आँखा पाक्ने रोगबाट बच्ने उपायहरु :**



- जथाभावी रुपमा आँखा नछुने/आँखा छुनु भन्दा पहिले राम्ररी साबुन पानीले हात सफा गर्ने ।
- सफा पानीले आँखा सफा गर्ने ।
- अरूले प्रयोग गरेका तौलिया/रुमाल प्रयोग नगर्ने ।
- व्यक्तिगत सरसफाइमा ध्यान दिने ।

**आँखा पाक्ने रोग लागिहालेमा के गर्ने :**



- पटक पटक सफा चिसो पानीले आँखा सफा गर्ने ।
- आँखा छोइसकेपछी हरेक पटक साबुन पानीले हात सफा गर्ने ।
- आफूले प्रयोग गर्ने रुमाल, तौलिया, कपडा छुट्टाछुट्टै राख्ने र अरुलाई प्रयोग गर्न वा छुन नदिने ।
- कालो चस्माको प्रयोग गर्ने ।
- आफुले प्रयोग गरेको सिरानीको खोल, तन्ना हरेक दिन सफा गर्ने ।
- जथाभावी रुपमा आँखामा औषधिको प्रयोग नगर्ने ।



सामान्यतया यो रोग १ हप्ता भित्रमा आफै निको भएर जान्छ तर समस्या बढ्दै गएमा तुरुन्त नजिकको स्वास्थ्य संस्था वा चिकित्सकसंग परामर्श गरौं ।

# बर्दिबास विपत्त व्यवस्थापन समितिले गरे पाँच बुँदे निर्णय



**खबर दर्पण समाचारदाता**

**साउन २३ गते, बर्दिवास**
अविरल वर्षाले बर्दिवास नगर क्षेत्रमा बाढीले भएको क्षति र वर्षा संगै अगामी दिनमा आउने बाढी पहिरोबाट हुने क्षतिलाई मध्यनजर गरी बर्दिवास नगरपालिकाले ५ बुँदे निर्णय गरेको छ।

बर्दिबास नगरपालिकाका नगर प्रमुख तथा स्थानिय विपत व्यवस्थापन समितिका अध्यक्ष प्रहलाद कुमार क्षेत्रीको अध्यक्षतामा जिल्ला विपद व्यवस्थापन समितिको समुपस्थितिमा मंगलवार बसेको आकस्मिक बैठक पाँच बुँदे निर्णय गरेको हो ।

निर्णयहरुमा बर्दिवास वडा नं. १,२,३ र १४ मा खानेपानी वितरणको लागि निर्माण गरिएको रातुखोलाको चार वटा रिचार्ज पोखरीहरूको संरक्षणको लागि लगाइएको स्पर्क तथा तार जालि अविरल वर्षाले क्षति पुर्याएको र उक्त पोखरीहरू बगाइ लाने अवस्था भएकोले संरक्षण नगरिएमा बर्दिवास १, २, ३ र १४ मा खानेपानी अवरोध भइ जनजीवनमा असर पर्ने साथै उक्त क्षेत्रको जगगा जमिनमा समेत क्षति पुर्याउने हुदाँ तत्काल आवश्यक तार जालि तथा स्पर्कहरू निर्माण गरि पोखरी संरक्षण गर्न राष्ट्रपति चुरे तराइ मधेश संरक्षण विकास समितिलाइ अनुरोध गर्ने निर्णय गरिएको छ।

त्यसैगरी बर्दिवास वडा नं. ७ र ९ मा जनताको तटबन्धनबाट बडहरी खोला र रातु खोलामा निर्माण गरिएको तटबन्धन जिर्ण अवस्थामा रहेको हाल वडा नं.७ बडहरी खोलाको प्रेमनगर नजिक पुलबाट बस्ति तर्फ पसेको त्यसै गरि सोहि वडाको हनुमान चौकबाट रातुखोला पुर्व पश्चिम दुवै तर्फबाट बस्ति तर्फ पसेको हुदाँ तत्काल तटबन्ध नगरिएमा उक्त क्षेत्रको बस्ति जोखिममा पर्ने भएकोले तटबन्धको लागि जनताको तटबन्धन फिल्ड कार्यालय जलेश्वर लाई अनुरोध गर्ने , वडा नं. ३ को झोलुङ्गे पुल संरक्षयका लागि जनताको तटबन्धनलाई अनुरोध गर्ने, वडा नं. ६ मा रहेको कृषि कलेज नजिक रातु खोलामा लगाएको तटबन्धन करिव २०० मिटर बगाएकोले उक्त क्षेत्र भित्रका बस्तिहरू जोखिममा भएको हुदाँ तत्काल निर्माणको लागि जनताको तटबन्धन फिल्ड कार्यालय जलेश्वर लाइ अनुरोध गर्ने र यी निर्णयहरू अनुमोदनका लागि जिल्ला विपद व्यवस्थापन समितिलाई अनुरोध गर्ने निर्णय गरिएको मेयर क्षेत्रीले जानकारी दिएका छन् ।

# धनुषामा सार्वजनिक स्थानमा सुर्तीजन्य पदार्थको विक्री वितरण र सेवन गर्न निषेध

**खबर दर्पण समाचारदाता**

**साउन २३ गते, महेन्द्रनगर**
जिल्ला प्रशासन कार्यालय धनुषाले सार्वजनिक स्थानमा सुर्तीजन्य पदार्थको विक्री वितरण र सेवन गर्न निषेध गरेको छ ।

धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले सूचना जारी गर्दै जिल्लाको कुनै पनि सार्वजनिक स्थानमा सुर्तीजन्य पदार्थको विक्री वितरण र सेवन गर्न निषेध गरेको हो ।

कसैले सूचनाको अवज्ञा गरेमा सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन २०६८ को दफा ४ बमोजिम कारबाही गर्ने चेतावनी दिएको छ । सार्वजनिक स्थलदेखि एक सय मिटर वरपरका क्षेत्रमा धूमपान र सुर्तीजन्य पदार्थको विक्री वितरण र सेवन पूर्णरुपमा रोक लगाएको जिल्ला प्रशासन कार्यालयको सूचनामा उल्लेख छ ।

सर्वसाधारण जनताको सुविधा, आर्थिक र स्वास्थ्य हितलाई ध्यानमा राख्दै सार्वजनिक स्थान आसपासका क्षेत्रमा चुरोट, बिँडी, सिगार, तमाखु, कक्कड, कच्चा सुर्ती, खैनी, गुट्खा, सुर्ती वा यस्तै प्रकारका अन्य पदार्थको नशा लिने वा सेवन गर्ने कार्यमा निषेध गरिएको जनाएको छ ।

जिल्लाभित्रका सरकारी निकाय, संस्था वा कार्यालय, जानकी मन्दिर , राम मन्दिर, सङ्कमोचन हनुमान मन्दिरलगायतका धार्मिक स्थलहरु, धर्मशाला, शिक्षण संस्था, स्वास्थ्यसम्बन्धी संस्था, विमानस्थल, सार्वजनिक सवारी साधान, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय, बाल उद्यान तथा क्लब, सार्वजनिक शौचालय, रेल्वे स्टेशन, चलचित्र र, सांस्कृतिक केन्द्र तथा नाट्यशाला, छात्र/छात्रावास तथा अतिथि गृह र सार्वजनिक सवारीका प्रतीक्षालयलगायतका कार्यस्थललाई सार्वजनिक स्थल मानिएको छ ।

# महोत्तरीबाट ८० किलो गाँजा बरामद




**महोत्तरी** / महोत्तरीबाट सशस्त्र प्रहरीले ८० किलो गाँजा बरामद गरेको छ ।

महोत्तरीको एकडाडा गाउपालिका-३ अजमरट्टीबाट सोमबार बिहान राढे ४ बजे सशस्त्र प्रहरी ६ वटा पोका अवैध गाँजा बरामद गरेको हो ।

गस्तीमा रहेका प्रहरीदेखेपछि नेपालबाट भारततर्फ टाउँकोमा बोकी लैजाँदै गरेको गाँजा अपरिचित व्यक्तिहरुले फालेर भागेको सशस्त्र प्रहरी बल नेपाल ९ नम्बर हेडक्वार्टर जलेश्वरका गनपति लेखनाथ खनालले जानकारी दिए ।गाँजा नियन्त्रणमा लिई आवश्यक अनुसन्धान तथा कारवाही प्रकृयाको लागि नेपाल प्रहरीसँग समन्वय गरिरहेको गनपति खनालको भनाइ छ ।

# नदीजन्य पदार्थको दोहन रोक्न मधेश आर्मीद्वारा मन्त्री महतोलाई ज्ञापनपत्र



**खबर दर्पण समाचारदाता**


**साउन २३ गते, महेन्द्रनगर**
वातावरणीय सरोकारलाई सम्बोधन गर्न र प्राकृतिक स्रोतसाधनको संरक्षण गर्न महत्वपूर्ण कदम चाल्दै मधेस आर्मी प्रधान सेनापतिले आज वन मन्त्रीलाई ज्ञापनपत्र बुझाउदै अवैध उत्खननलाई तत्काल रोक्न माग गरेका छन्।

मधेश मर्भुमिकरण हुने संकट निकट भविष्यमा नै देखा पर्ने सक्ने स्थिति उत्पन्न भई हाम्रो अस्तित्व पनि खतरामा पर्ने देखिएकोले समयमा नै गैर कानूनी गतिविधि नदीजन्य पदार्थ जस्ता उत्खननलाई वन तथा वातावरण मन्त्री माननीय बिरेन्द्र प्रसाद महतोलाई ध्यानाकर्षण गराउँदै यथाशीघ्र कारवाहीको लागि माग गरेका छन्।

चुरे क्षेत्रको बिग्रदो वातावरणीय अवस्थाले गर्दा वातावरणीय सेवाको अनिश्चितताहुन पुगेकोले उत्पादकत्वमा ह्रास आई विपद जन्य घट्नाहरूमा वृद्धि भएको अवस्थालाई प्राकृतिक श्रोतको दोहन रोकी क्षयिकरण प्रक्रिया न्यूनीकरणका क्रियाकलाप सञ्चालन गरी वातावरणीय सेवाको दिगो उपलब्धता सुनिश्चितता गर्न अत्यावश्यक भएकोले चुरे तराई मधेश भूपरिधिमा पारेको प्रतिकूल प्रभावप्रति संवेदनशील हुन् अत्यन्त जरुरी देखिन्छ ।

क्रसर माफिया लगायत ग्राभेल माफियाहरूले सम्बन्धित निकाय बाट बिना दर्ता खानी सञ्चालन गरिरहेका छन् । अवैध उत्खनन गतिविधिहरू लामो समयदेखि जारी छन्, र वातावरणीय परिणामहरू चिन्ताजनक छन्। जसले वन विनाश, माटोको क्षय र प्राकृतिक पानीका स्रोतहरूलाई प्रतिकूल प्रभाव गर्दछ । अवस्था गम्भीर हुँदाहुँदै पनि यस्ता गैर कानूनी गतिविधिलाई नियन्त्रण गर्न सम्बन्धित निकायले कुनै ठोस पहल नगरेको देख्दा दुःख लागेको छ । देखावटी अनुगमन दर्जनौं पटक गरिसकेका छन् यदपि कुनै ठोस निणर्य नलिएकै कारण २४ घण्टा नबित्दै फेरी उत्खनन सञ्चालनमा आउने गरेको पाइएको छ ।

प्रवर्तन र जवाफदेहिताको अभावले अपराधीहरूलाई दण्डहीनताका साथ आफ्नो विनाशकारी अभ्यासहरू जारी राख्न अनौपचारिक रुपमा अनुमति दिँदै उनीहरूलाई हौसला दिएको छ। फलस्वरूप, प्रभावित समुदायहरू असहाय र निराशाको अवस्थामा रहेको ज्ञानपन पत्रमा उल्लेखित छ ।सिरहा जिल्लाको विभिन्न क्षेत्रमा विशेषगरी नरहा गाउँपालिका वडा नम्बर ३, गोलबजार नगरपालिका वडा नम्बर ९,१०, कमला नदी, धनगढीमाई नगरपालिका-८, गणेशमानचारनाथ नगरपालिका लगायतका क्षेत्रमा बन जङ्गल फडानी समेत गरी व्यापक अवैध उत्खनन भइरहेको हुदाँ सचेत नागरिकको हैसियतले हाम्रो ध्यानाकर्षण भएको छ । यस विषयमा वन तथा वातावरण मन्त्रीको गम्भीर ध्यानाकर्षण गराई यथाशीघ्र कारवाही लागि जोरदार माग गरेको मधेश आर्मीका प्रमुख चन्द्र यदुवंशीले बताए।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा